नेपाल सरकार
हुलाक सेवा विभागद्वारा

**आ.व. २०८१/०८२ को पहिलो त्रैमासिक समयावधि (२०८१ श्रावण १ गतेदेखि २०८१ असोजमसान्तसम्म) मा सम्पादित कार्यहरूको संक्षिप्त विवरण**

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) र नियमावली २०६५ को नियम (३) बमोजिमको विवरण देहाय बमोजिम रहेको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।

| | | |
|---|---|---|
| क. निकायको स्वरुप र प्रकृति | हुलाक सेवा विभाग केन्द्रीय स्तरको निकाय रहेको । यस अन्तर्गत हुलाक सेवालाई व्यवस्थापन गर्ने गोश्वारा हुलाक कार्यालय, हुलाक प्रशिक्षण केन्द्र गरी २ वटा निकायहरू रहेका, ६ वटा हुलाक निर्देशनालयहरू, ७० वटा जिल्ला हुलाक कार्यालयहरू, ६७६ वटा हुलाक कार्यालयहरू र २५८९ वटा अतिरिक्त हुलाक कार्यालयहरू रहेका छन। | |
| ख. निकायको काम कर्तव्य अधिकार | हुलाक सेवालाई संचालन व्यवस्थापन र समयसापेक्ष परिमार्जन गर्ने हुलाक सेवाको अध्ययन, नीतिगत सुझाव, कर्मचारी व्यवस्थापन, हुलाक सेवाको व्यवस्थापनको लागि आवश्यक निर्णय गर्ने, मातहतका कार्यालयहरूको निरिक्षण अनुगमन गर्ने, मातहतका कार्यालयहरूलाई निर्देशन गर्ने विभाग अन्तर्गत भएका कामहरूको प्रगतिको माथिल्लो निकायमा प्रतिवदेन गर्ने। | |
| ग. निकायमा रहेका कर्मचारी दरबन्दी विवरण | महानिर्देशक-१ | |
| | निर्देशक-२ | |
| | शाखा अधिकृत-७ | |
| | कला अधिकृत-१ | |
| | लेखा अधिकृत- १ | |
| | नायव सुव्वा- ५ | |
| | कम्प्युटर अपरेटर-३ | |
| | टा.ना.सु-१ | |
| | खरिदार-३ | |
| | सिनियर मिस्त्री- २ | |
| | हलुका सवारी चालक-३ (१ जना स्थायी, करार २ जना) | |
| | का.स.-१० (१ जना स्थाई, करार ९जना) | |
| घ. निकायवाट प्रदान गरिने सेवा | कर्मचारीको सरुवा, बढुवा लगायत व्यवस्थापन। | |
| | UPU, APPU लगायत अन्तराष्ट्रिय हुलाक सेवा सम्बन्धित संस्थाहरू सँग सहकार्य। | |
| | हुलाक सेवाको आवश्यकता र माग बमोजिम कार्यालय व्यवस्थापन, अध्ययन तथा डाँक रेखा पुनरावलोकन आदि। | |
| ङ. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी | **प्रशासन तथा योजना शाखाः** निर्देशक, ध्रुवराज आचार्य<br>**डाँक, टिकट तथा अन्तराष्ट्रिय सम्बन्ध शाखाः** निर्देशक, विशाल सापकोटा | |
| | **कर्मचारी प्रशासन शाखा** | शाखा अधिकृत, ढाल बहादुर जि.सी |
| | **फिलाटेलिक तथा टिकट व्यवस्थापन शाखा** | शाखा अधिकृत, चन्द्रा थापा |
| | **फिलाटेलिक तथा टिकट व्यवस्थापन शाखा** | कला अधिकृत, पूर्ण कला लिम्बु |
| | **योजना तथा अनुगमन शाखा** | शाखा अधिकृत, गोपाल निरौला |
| | **खरिद व्यवस्थापन शाखा** | शाखा अधिकृत, डाल प्रसाद आचार्य |
| | **अन्तराष्ट्रिय डाँक लेखा तथा अनुसन्धान शाखा** | शाखा अधिकृत, यशोदा अर्याल |
| | **अन्तराष्ट्रिय सम्बन्ध शाखा** | शाखा अधिकृत, जित बहादुर परियार |
| | **आन्तरिक डाँक तथा अनुगमन शाखा** | शाखा अधिकृत, शालिकराम बस्याल |

| | | |
|---|---|---|
| | आर्थिक प्रशासन शाखा | लेखा अधिकृत, गोपाल प्रसाद आचार्य |
| च. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधी | दस्तुरः निशुल्क<br>अवधिः तुरुन्त प्रकृया अघि बढाइने | |
| छ. निर्णय गर्ने प्रक्रिया र अधिकारी | प्रक्रियाः सम्बन्धित शाखाको अधिकृतको पहलअनुसार प्रक्रिया आरम्भ भई महानिर्देशकज्यूबाट (आवश्यकतानुसार मन्त्रालयबाट) निर्णय हुने।<br>निर्णय गर्ने अधिकारीः नि. महानिर्देशक श्री ध्रुव राज आचार्य | |
| ज. निर्णय उपर उजुरी सुन्ने अधिकारी | महानिर्देशक | |
| झ. सम्पादन गरेको कामको विवरण | **1. प्रशासन तथा योजना शाखाबाट भएका कामहरुः**<br>1.1. पदस्थापन, काज तथा सरुवा, विदा सम्बन्धी, मनोनयन तथा सिफारिस लगायतका कर्मचारी प्रशासन सम्बन्धी कामहरू निरन्तर भईरहेको।<br>1.2. आवश्यकतानुसार विभिन्न जिल्लाहरूमा प्रशासनिक तथा आर्थिक अख्तियारी प्रदान गरिएको।<br>1.3. जिल्लाहरूमा कार्यरत कर्मचारीहरूको विवरण संकलन तथा अद्यावधिक गर्ने काम भएको।<br>1.4. तालुक तथा मातहतका निकायहरूमा पत्राचार तथा समन्वयका कार्यहरू गरिएको।<br>1.5. नाइलनको डाँक थैला खरिदको लागि सूचना प्रकाशन भएको।<br>1.6. ल्यापटप, प्रिन्टर खरिद गरिएको।<br>1.7. ६० वटा हुलाक कार्यालय र १ वटा हुलाक निर्देशनालयको संगठन तथा व्यवस्थापन सर्वेक्षण अनुसारको नयाँ संगठन संरचना र दरबन्दी कार्यान्वयन गरिएको।<br>1.8. नवलपरासी (बर्दघाट सुस्ता पूर्व)मा २०८१/०५/१७ देखी र रुकुम (पूर्वी भाग) मा २०८१/०५/१२ देखी नयाँ जिल्ला हुलाक कार्यालय स्थापना भई सञ्चालमा आएका।<br>1.9. आ.व.२०८१/८२ को नीति तथा कार्यक्रम र बजेट वक्तव्यका विषयहरुको यस विभागसंग सम्बन्धित बुँदाको माइलस्टोनगत कार्ययोजना तयार गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको अनुगमन सूचना प्रणालीमा लक्ष्य सहितको कार्यान्वयन कार्ययोजना प्रविष्ट गरिएको। त्यसै गरी वार्षिक विकास कार्यक्रमको कार्यान्वयन कार्ययोजना सूचना प्रविधि विभागको सूचना अनुगमन प्रणालीमा समेत प्रविष्ट गरिएको।<br>1.10. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव र हुलाक सेवा विभागका महानिर्देशकवीच हुने कार्य सम्पादन करार सम्झौताको प्रस्ताव तयारी गरी पेश गरिएको। | |

नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय हुलाक सेवा विभाग बबरमहल, काठमाडौं

1.11. हुलाक सेवा विभाग र अन्तर्गत निकायहरुले सम्पादन गरेका क्रियाकलापहरुको प्रगति विवरण प्रत्येक महिना २ गते भित्र सूचना अनुगमन प्रणाली मार्फत मन्त्रालयमा पेश गरिएको।

1.12. आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत जिल्लास्थित कार्यालयहरुका लागि डाँक ढुवानी गर्न आवश्यक सवारी साधन (मोटरसाइकल, साइकल, इ-रिक्सा) खरिदको सहमतिका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मार्फत अर्थ मन्त्रालयसंग समन्वय गरी तयार गरिएको प्राप्त सहमति पत्र सबै हुलाक कार्यालयहरुमा पठाइएको।

1.13. अतिरिक्त हुलाक(पाँचौ संशोधन) नियमावलीको व्यवस्था अनुसार विगतमा हुलाक सेवामा कार्यरत अतिरिक्त हुलाकका कर्मचारीहरु ५८ वर्ष उमेर हद वा स्वेच्छिक अवकासबाट रिक्त हुँदा निजहरुले पाउने सुविधा सम्बन्धमा अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयमा पहल गरी निकासा गराइएको।

1.14. हुलाक कार्यालयहको website निर्माण गर्ने सन्दर्भमा सूचना प्रविधि विभागसंग समन्वय गरी हुलाक कार्यालयहरुलाई website निर्माण गर्न पहल गरिएको। साथै website निर्माणका लागि जिल्ला हुलाक कार्यालयका कर्मचारीहरुलाई सम्बन्धित कार्यालयमा गई तालिम प्रदान गरिएको।

1.15. नियमित प्रकृतिका प्रशासन सम्वद्ध विभागस्तरीय कार्यहरू सम्पन्न गरिएको।

1.16.. मातहतका केही कार्यालयहरूको निरीक्षण अनुगमन भएको।

2. डाँक, टिकट तथा अन्तराष्ट्रिय सम्बन्ध शाखाबाट भएका कामहरू:

2.1. विश्व हुलाक दिवश 9 october 2024 मा "सञ्चारलाई सक्षम पार्ने राष्ट्रभरका मानिसलाई सशक्त बनाउने एक सय ५० वर्ष" नाराका साथ मनाइएको।

2.2. विश्व हुलाक दिवशको अवसरमा सबै कर्मचारीहरुको सहभागितामा कार्यालय परिसरमा सरसफाई गरिएको।

2.3. UPU, APPU सङ्ग नियमित रुपमा पत्राचार गरिएको।

2.4. IPS.POST मा १० वटा Users थप गरिएको।

2.5. ७७ वटै जिल्लाहरुलाई CDS.POST को users हरु तयार गरि वितरण गरिएको

2.6. UPU तथा APPU ले प्रदान गरेको विभिन्न वैदेशिक कार्यक्रममा नेपालको तर्फबाट ६ जनालाई मनोनयनको लागि मन्त्रालयमा सिफारिस गरिएको।

2.7. EMS, letter र Parcel को Q2 2024 को inbound तर्फको Quarterly report तयार गरी सम्बन्धित देशहरुमा email गरिएको।

2.8. आन्तरिक हवाई डाँकको लागि बुद्ध, यति र समिट एयरसंग सम्झौता नविकरण गरिएको।

2.9. आन्तरिक हवाई डाँक ढुवानीको २०८१ असोज १५ सम्मको रकम भुक्तानी गरिएको।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

<table>
<tr><td></td><td colspan="2">2.10. अन्तर्राष्ट्रिय डाँकलेखा सम्बन्धी ६ दिने तालिम श्रावण १७ देखी २४ गते सम्म विभागको हलमा सम्पन्न गरिएको।<br>2.11. आन्तरिक डाँक सम्बन्धी जिल्लाहरुबाट सोधिएको समस्याको समाधान गरिएको<br>2.12. जिल्लाहरु तथा फिलाटेलिस्टबाट माग भएको टिकटहरु नियमित रुपमा आपूर्ति गरिएको।</td></tr>
<tr><td rowspan="2"></td><td>प्रमुखको नाम र पद</td><td>नि.महानिर्देशक श्री ध्रुवराज आचार्य</td></tr>
<tr><td>सूचना अधिकारी</td><td>निर्देशक, ध्रुवराज आचार्य</td></tr>
<tr><td>ट. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची</td><td colspan="2">हुलाक सेवा सँग सम्बन्धित ऐन, नियम, विनियम वा निर्देशिकाको सूची यसप्रकार छन्:<br>❖ हुलाक सम्बद्ध ऐनहरू<br>➢ हुलाक ऐन, २०१९<br>➢ आन्तरिक-हुलाक-वस्तु-बीमा गर्ने ऐन २०१९<br>❖ हुलाक सम्बद्ध नियमावलीहरू<br>➢ आन्तरिक हुलाक वस्तु बीमा गर्ने नियमहरू, २०१९<br>➢ हुलाक नियमावली, २०२०<br>➢ धनादेश नियमावली, २०३१<br>➢ हुलाक बचत बैंक नियमावली, २०३३<br>➢ अतिरिक्त हुलाक नियमावली, २०३४<br>➢ वैरङ्ग हुलाक नियमावली, २०३४<br>❖ हुलाक सम्बद्ध कार्यविधि/निर्देशिकाहरू<br>➢ हुलाक सेवा कार्यविधि निर्देशिका, २०६३<br>➢ हुलाक टिकट प्रकाशन निर्देशिका, २०७०<br>➢ हुलाक बचत बैंक कार्यसञ्चालन (प्रथम संशोधन) निर्देशिका, २०७३</td></tr>
<tr><td rowspan="4">ठ. आम्दानी, खर्च तथा आर्थीक कारोबार सम्बन्धी अद्यावधिक विवरण</td><td colspan="2">आम्दानीः रु. १६,०१,७६,९२५/-</td></tr>
<tr><td colspan="2">आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण</td></tr>
<tr><td>आ.व. २०८१/२०८२ को असोज मसान्तसम्मको विनियोजित बजेट तथा खर्चको विवरण</td><td>बेरुजु विवरण (हजारमा)</td></tr>
<tr><td>पुँजिगत बजेट रु. १०,००,०००/-<br>खर्च रु. ६,१४,०००/-<br>चालु बजेट रु. १९,७०,४४,०००/-<br>खर्च रु. २,३९,८४,६९१.९७/-<br>जम्मा (चालु तथा पुँजीगत) बजेट रु. १९,८०,४४,०००/-<br>जम्मा खर्च रु, २,४५,९८,६९१.९७/-</td><td>कुल बेरुजु- २४,६६,६५/-<br>२०८१ असोज मसान्तसम्म<br>– फछ्यौंट- ०/-<br>– फछ्यौंट प्रतिशतः०%<br>(कैफियतः- ६९,३२६/- सम्परीक्षणको लागि पेश भएको तर सम्परीक्षण हुन नसकेको)</td></tr>
</table>

ड. तोकिए बमोजिमका अन्य विवरण

१. <u>आ.व. २०८१/८२ को विनियोजित बजेट तथा खर्चको विवरण</u>

रु. हजारमा

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

| निकाय | वार्षिक विनियोजन | | २०८१ असोज मसान्तसम्मको खर्च | | २०८१ असोज मसान्तसम्मको प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | चालु | पुँजिगत | चालु | पुँजिगत | चालु | पुँजिगत |
| हुलाक सेवा विभाग | १९७०४४ | १००० | २३९८५ | ६१४ | १२.१७% | ६१.४०% |

ढ. विभागका वेबसाइट: https://www.nepalpost.gov.np

ण. हुलाक सेवा विभागमा रहेका शाखाहरुको आधिकारिक इमेलहरु

| क.सं. | शाखा | Email address |
|---|---|---|
| १ | कर्मचारी प्रशासन शाखा | admin@nepalpost.gov.com<br>nepalpost.hulak@gmail.com |
| २ | खरिद व्यवस्थापन शाखा | workshop@postalservice.gov.np |
| ३ | योजना तथा अनुगमन शाखा | planning@nepalpost.gov.np<br>psdyojana@gmail.com |
| ४ | फिलाटेलिक तथा टिकट व्यवस्थापन शाखा | ticketdesign@nepalpost.gov.np |
| ५ | अन्तराष्ट्रिय सम्बन्ध शाखा | info@nepalpost.gov.np<br>info@postalservice.gov.np |
| ६ | अन्तराष्ट्रिय डाँक लेखा तथा अनुसन्धान शाखा | intmailacc@nepalpost.gov.np<br>info@nepalpost.gov.np |
| ७ | आन्तरिक डाँक तथा अनुगमन शाखा | internalmail@nepalpost.gov.np<br>psdpostalsection@gmail.com |
| ८ | आर्थिक प्रशासन शाखा | account@nepalpost.gov.np<br>hulaksewabivag013@gmail.com |

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

२०८१।७।८
शाखा अधिकृत